# स्वास्थ्य बीमा सुधारको कार्ययोजना ल्याउन प्रधानमन्त्रीको निर्देशन



**काठमाडौं ।** प्रधानमन्त्री केपी शर्मा ओलीले स्वास्थ्य बिमा सुधारको कार्ययोजना बनाउन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई निर्देशन दिनुभएको छ । स्वास्थ्य बिमा सुधार सुझाव कार्यदलको प्रतिवेदनका आधारमा उक्त कार्ययोजना बनाउन उहाँले निर्देशन दिनुभएको हो ।

सो कार्यदलको प्रतिवेदन र सुझाववारे आइतबार प्रधानमन्त्री निवास, बालुवाटारमा ब्रिफिङ लिएपछि प्रधानमन्त्री ओलीले निरोगी नेपाल बनाउने लक्ष्यसहित नागरिकलाई सूशिक्षित गराउनुपर्ने र बिरामी भइहालेमा खर्च नभएर उपचार गर्न नपाउने अवस्था आउन दिन नहुने बताउनुभयो । उहाँले कार्यदलबाट स्वास्थ्य बीमा कार्यक्रमको वस्तुनिष्ठ समीक्षासहित सुझाव दिइएकाले यथास्थितिमा परिवर्तन गरी व्यवहारिक हुने गरी कार्यक्रमलाई सुधार गर्ने गरी एक साताभित्र कार्ययोजना ल्याउन मन्त्रालयलाई भन्नुभएको हो ।

स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेल, कार्यदलका संयोजक डा. शम्भु आचार्य, सदस्यहरू डा. भगवान कोइराला, डा. रघुराम काफ्ले र सदस्यसचिव डा. सरोज शर्माले प्रधानमन्त्री ओलीलाई स्वास्थ्य बीमा कार्यक्रमको नीतिगत, कानुनी र संरचनागत परिवर्तन गर्नुपर्ने देखिएको ब्रिफिङ गर्नुभएको थियो ।

हाल यस कार्यक्रमअन्तर्गत करिब ११ अर्ब भुक्तानी गर्न बाँकी रहेको छ । यस कार्यक्रममा हाल कुल जनसंख्याको २७ प्रतिशत नागरिक आबद्ध भएको र आवद्ध भएका मध्ये ४८ प्रतिशतले सेवा लिएको स्थितिमा सबै नागरिकलाई कार्यक्रममा अनिवार्य सहभागी गराउने र निरपेक्ष गरिबीको रेखामुनी रहेका सबै नागरिकको स्वास्थ्यसेवा नि:शु:ल्क गर्नुपर्ने ढाँचामा जान कार्यदलले सुझाव दिएको छ ।

कार्यदलले आधारभूत स्वास्थ्यसेवा र अन्य सामाजिक सुरक्षाका कार्यक्रमसँग पनि यस कार्यक्रमलाई एकीकरण गर्न सुझाएको छ । सो कार्यदलले गत पुस १४ गते मन्त्रालयलाई प्रतिवेदन बुझाएको थियो ।

# कोशीका पूर्वमुख्यमन्त्रीमाथि हातपात, तीनजना पक्राउ

**राजेन्द्र गौतम / हिटा**

झापा, ६ माघ



पूर्वमुख्यमन्त्री तथा नेपाली कांग्रेस कोशी प्रदेश संसदीय दलका नेता उद्धव थापामाथि हातपात भएको छ । शनिबार साँझ नेपाल प्रेस युनियन झापाले दोमुखामा आयोजना गरेको वार्षिक साधारणसभाबाट फर्किंदै गर्दा साँझ करिब ७ बजे पूर्वपश्चिम राजमार्गअन्तर्गत कन्काई नगरपालिकाको जुकेखाडी नजिक थापामाथि हातपात भएको हो । बा१क ६५३ नम्बरको गाडीमा घर जाँदै गर्नुभएका थापामाथि बा१झ १८७० मा सवार एक समूहले हातपात गरेको हो । आक्रमणबाट थापा सामान्य घाइते हुनुभएको थियो । उहाँको आँखा सुन्निएको छ । घटनापश्चात् उहाँलाई उपचारका लागि बिर्तासिटी अस्पताल लगिएको थियो ।

विद्युत् प्राधिकरण सुरुंगाका कर्मचारी सवार गाडीलाई थापा चढेको गाडीले ओभरटेक गर्ने क्रममा विवाद भएको थियो । कुटपिट गर्ने तीनजनालाई पक्राउ गरेको बिर्तामोड प्रहरीले जनाएको छ । पक्राउ पर्नेहरूमा शिवसताक्षी-११ का ४९ वर्षीय भक्तबहादुर कटवाल र कन्काई-३ का ४२ वर्षीय पृथ्वी श्रेष्ठ रहेका छन् । अर्को एकजना भने विद्युत् प्राधिकरणका चालक हुन् । घटनाको नेपाली कांग्रेस झापाले निन्दा र भर्त्सना गरेको छ । नेपाली कांग्रेस झापा सचिव नवीन विमलीले सांघातिक आक्रमण गर्ने कटवाल र श्रेष्ठलाई कानुनी कारबाहीको माग गर्नुभएको छ ।

### कांग्रेसद्वारा भत्सर्ना

नेपाली कांग्रेसले पूर्व मुख्यमन्त्री थापामाथि भएको आक्रमणको भर्त्सना गरेको छ । आइतबार विज्ञप्ति सार्वजनिक गर्दै कांग्रेसले नेता थापामाथि भएको आक्रमणको घोर निन्दा र भर्त्सना गरेको हो । उक्त घटनामा संलग्न व्यक्तिहरूलाई कडा कानूनी कारबाहीका लागि सरकारसँग माग गरेको हो । 'नेपाली कांग्रेस कोशी प्रदेश सभापति एवं संसदीय दलका नेता, पूर्वमुख्यमन्त्री उद्धव थापामाथि केही व्यक्तिले शनिबार झापामा गरेको आक्रमणको नेपाली कांग्रेस घोर निन्दा र भर्त्सना गर्दछ, नेपाल प्रेस युनियन झापाको कार्यक्रमबाट फर्कंदै गर्दा कन्काई नगरपालिकाको सुरुंगा नजिक उहाँमाथि आक्रमण भएको थियो, उहाँको निधारमा चोट लागेको छ' मुख्य सचिव कृष्णप्रसाद पौडेलले जारी गरेको बिज्ञप्तिमा भनिएको छ, 'उहाँको शीघ्रस्वास्थ्य लाभको कामना गर्दै नेपाली कांग्रेस घटनाको यथार्थ छानबिन गरेर अराजक र आपराधिक गतिविधिमा संलग्न व्यक्तिहरूलाई कडा कानूनी कारबाहीका लागि सरकारसँग माग गर्दछ ।'


## अधिकतम खुद्रा विक्री मूल्य (MRP) प्रकाशन सूचना

यस फर्म/कम्पनीले (चाइना) बाट पैठारी गरेको देहायको मालवस्तुहरुको अधिकतम खुद्रा विक्री मूल्य निम्नबमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

तपसिल

| SN | Vehicle Details | Type | Brand | Model | Battery Capacity | Motor Peak Power | Country of Origin | Units | Per Unit Cost | MRP(NPR) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | NAMMI BOX | HATCHBACK | DONGFENG | DFM7000A2FUBEV | 42.3(Kwh) | 49.5 KW | China | 1 | 34,49,000 | 34,49,000 |
| 2 | NAMMI BOX | HATCHBACK | DONGFENG | DFM7000A2F1BEV | 31.4(Kwh) | 49.5 KW | China | 1 | 30,99,000 | 30,99,000 |

*For dual tone, NPR 50,000/- extra

विक्रेता फर्मको नाम: एम. ए. डब्लु. मोटर्स प्रा. लि.
ठेगाना: काठमाडौं-१, नक्साल

स्थायी लेखा नं: ६१९८४६७३२
फोन नं: ०१-५३५६२५९


# सर्लाहीमा जंगली हात्तीको आतंक, घर र बालीनालीमा क्षति

**प्रकाश मैनाली / हिटा**

सर्लाही, ६ माघ

सर्लाहीको हरिपुर नगरपालिका-१, हजारबिघामा तीन दिनदेखि जंगली हात्तीको आतंकले स्थानीयबासी त्रसित भएका छन् ।

जानकीनगर नजिकको जंगलमा दिनभर बस्ने जंगली हात्तीले रात पर्नेबित्तिकै गाउँमा आतंक मच्चाउन थालेपछि स्थानीयको जनजीवन अस्तव्यस्त बनेको छ ।



वडाध्यक्ष नानीबाबु थापाका अनुसार हात्तीले हजारबिघाका तुलकुमारी मगरको घर भत्काइदिएको छ भने मकै, उखु, गहुँलगायतका एक/डेढ बिघा क्षेत्रफलको बालीनालीसमेत नष्ट गरेको छ । उहाँका अहनुसार तीनवटाको संख्यामा देखिएको जंगली हात्तीले किसानको खेतमा पसेर अन्न र उखुबाली नष्ट गरेको हो । यस घटनाले स्थानीय किसानमा त्रासको वातावरण सिर्जना गरेको छ ।

घटनाको जानकारी पाउनेबित्तिकै इलाका प्रहरी हरिपुरको टोलीले घटनास्थलमा पुगेर क्षतिको विवरण संकलन गरेको छ । तुलमाया मगरको फुसको छानो र बाँसले बनेको घरका दुईवटा टाटी भत्काएको छ भने खेतको मकैबाली नष्ट गरिएको छ । यस्तै, प्रेमबहादुर लामाको काठ र बाँसले बनेको दुईतले घरको तल्लो कोठाको टाटी भत्काएर क्षति पुगेको छ । हरि उप्रेतीको घरमा समेत हात्तीले दुईवटा टाटी भत्काएर नोक्सानी पुऱ्याएको छ ।

गत वर्ष पनि जंगली हात्तीले घुर्कौली जंगलमा घाँस काट्न गएका एक युवकमाथि आक्रमण गर्दा युवकको निधन भएको थियो । अहिले वन क्षेत्रमा देखिएका जंगली हात्ती केही समयअघि रौतहटका विभिन्न वन क्षेत्रमा देखिने गरेका हात्तीको बथान हुन सक्ने डिभिजन वन कार्यालयले अनुमान गरेको छ । हात्तीलाई आफ्नो बासस्थानतर्फ फर्काउन पहल भइरहेको वन कार्यालयले जनाएको छ ।

स्थानीय प्रशासनले जंगली हात्तीको आक्रमणबाट जोगिन सतर्क रहन आग्रह गरेको छ । डिभिजन वन कार्यालय, सर्लाहीले हात्तीको गतिविधिमा निगरानी राख्दै सर्वसाधारणलाई सावधानी अपनाउन अनुरोध गरेको छ । हात्तीले घर भत्काएका र अन्नबाली नष्ट गरेका पीडितले क्षतिपूर्तिसमेत पाउन सकेका छैनन् ।

## बुढानीलकण्ठ नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
हात्तिगौडा, काठमाडौँ
बागमती प्रदेश, नेपाल

### बोलपत्र मुल्याकंन स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मितिः २०८१/१०/०७**

यस कार्यालयको सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित तपशिलको निर्माण कार्यको आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना बमोजिम यस कार्यालयको तपशिल बोलपत्रदाताको न्युनतम मुल्यांकित र सारभूतरुपमा प्रभावग्राही भएको हुनाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ बमोजिम बोलपत्र स्वीकृत गर्ने आशय सम्बन्धि यो सूचना सबैको जानकारीको लागि प्रकाशित गरिन्छ ।

| सि. नं | ठेक्काको नाम/ठेक्का नं. | बोलपत्रदाताको नाम र ठेगाना | कबोल (अंक मु. अ.क र PS बाहेक) |
|---|---|---|---|
| 1. | Construction of Jisambari Park at Budhanilkantha Municipality ward no-7 (NCB/BNP/CW/081_082/04) | Janma Bhumi-G.K JV,Nuwakot | 1,39,45,960.50 |

**प्रमुख प्रशासकीय अधिकृत**

## वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र
इटहरी, सुनसरी
कोशी प्रदेश, नेपाल

### शोधवृति (अनुसन्धान) सहयोग सम्वन्धी सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०८१/१०/०७)**

वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, कोशी प्रदेश, सुनसरीको आर्थिक वर्ष २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत विद्यावारिधी तहमा अध्ययनरत विद्यार्थीहरुलाई शोधवृति वितरण गर्ने सम्वन्धमा नेपालका कुनैपनि विश्वविद्यालयमा वन, वनस्पति, जीव वा वातावरण विज्ञान विषय लिई विद्यावारिधी तहमा नाम रजिष्ट्रेशन भइ अनुसन्धानरत रहेका र कोशी प्रदेशलाई अनुसन्धान क्षेत्र छनौट गरेका विद्यार्थीलाई शोधवृति प्रदान गरिने भएकोले यो सूचना प्रकाशित गरिएको छ । यस सम्वन्धी थप जानकारीका लागि कार्यालयको **Website: frtc.koshi.gov.np** वा केन्द्रको योजना शाखामा सम्पर्क गर्नुहुन अनुरोध छ ।

## नेपाल सरकार
## गृह मन्त्रालय
## कारागार व्यवस्थापन विभाग
## कारागार कार्यालय
जाजरकोट

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशित मिति : २०८१/१०/०७**

यस कार्यालयद्धारा तपशिलमा निर्माण कार्यका लागि मिति २०८१/०९/०१ गते अन्नपुर्ण दैनिक पत्रिकामा बोलपत्र आह्वानको सूचना बमोजिम रीतपूर्वक प्राप्त भएका बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही रहेको पाईएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ उप-दफा २ को प्रयोजनार्थ सम्पूर्ण सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | ठेक्का नं. | कार्यक्रम | न्यूनतमम मूल्याङ्कित बोलपत्र दाताको नाम र ठेगाना | कबोल अंक |
|---|---|---|---|---|
| १. | KARAGAR/JAJARKOT/ NCB/WORKS/01-081/082 | Construction of Boundary Wall at Karagar, Jajarkot | Rabi Construction, Kuse-07, Jajarkot | रु.४७,५३,३४५.१९ |

Government of Sudur Pashchim Province
Ministry of Social Development

## Province Health Logistic Management Center
Dhangadhi, Kailali Nepal

### Invitation for Electronic Bid

**Date of publication: 2081/10/07 (January-20-2025)**

1. The ***Province Health Logistic Management Center Dhangadhi-01, Kailali*** invites ***electronic*** bids: under National competitive bidding ***Single Stage Two Envelope procedures*** as:

| IFB No:- | Description of Goods: | Bid Security | Bid Security Validity |
|---|---|---|---|
| PHLMCSP/G/NCB-12/081-082 | The Procurement, Supply, Delivery and Installation of Histopathology Cassette and Slide Printer | NRs 2,00,000/- (Rupees Two Lakhs only) | 2082/03/06 (June 20, 2025) Or 120 days beyond the day of bid opening. |
| PHLMCSP/G/NCB-13/081-082 | The Procurement, Supply, Delivery and Installation of Medical Equipment's | NRs 2,50,000/- (Rupees Two Lakhs Fifty only) | 2082/03/06 (June 20, 2025) Or 120 days beyond the day of bid opening. |

2. Eligible Bidders may obtain further information and inspect the bidding documents at PPMO eGP system **www.bolpatra.gov.np/egp.**

***Acting Director***

Alternative Energy Promotion Center (AEPC)
Central Renewable Energy Fund (CREF)

## Renewable Energy for Rural Livelihood (RERL)
Khumaltar Height, Lalitpur, Nepal
**Tel: 977-1-5253775, 5253785 Email: rerl@aepc.gov.np**

### Invitation for Sealed Quotations

Date of Notice Publication: **20 January 2025**
Name of the Development Partner: **UNDP** Name of Project: **RERAS**

1. The **AEPC/CREF/RERL** invites invitees **Sealed Quotations** for the procurement of **Goods "Supply, Delivery of Transmission & Distribution line for Line Extension at Bamka Bazar from Malagad I & III MHP (2 x 100 kW)"** under **Sealed Quotation (SQ)** procedures as specified in the prevailing **Public Procurement Act** and **Public Procurement Regulations** of Nepal. The SQs are open to all eligible Bidders.
2. Interested Bidders may obtain further information and inspect the SQ Documents in English at the office of **AEPC/RERL, Khumaltar Height, Lalitpur, Nepal.**
3. Complete set of Bidding Documents (SQ) in English may be purchased from the office of **AEPC/RERL, Khumaltar Height, Lalitpur, Nepal** during office hours on all working days by eligible bidders from **20 January 2025** onwards on the submission of **a Written Application**, copies of **Firm/Institution Registration & PAN/VAT Registration certificates** and upon payment of a non-refundable fee of **NRs. 1,000.00** to the Bank Account **(AEPC/RERL-BID DOCUMENT CHARGE, Account Number: 9900037403501070, NMB Bank Ltd., Babarmahal, Kathmandu Branch)** and original voucher/receipt of the deposited amount must be submitted along with the Application. The Bidding Document (SQ) shall be available for sale up to office hours till **3 February 2025.**
4. Interested Bidders are required to submit the SQ to the office of **AEPC/RERL, Khumaltar Height, Lalitpur, Nepal** on or before **1:00 P.M. on 4 February 2025.**
5. Submitted SQs will be opened in the presence of Bidder's representatives who choose to attend at **1:30 P.M. on 4 February 2025**, at the office of **AEPC/RERL, Khumaltar Height, Lalitpur.**
6. Sealed Quotation must be valid for a period of 45 days counting from the date of SQ opening and must be accompanied by SQ/Bid security a minimum of **NRs. 43,000.00**, which shall be valid for a minimum of 30 days beyond the quotation validity period (i.e., **Valid up to a minimum of 19 April 2025**).
7. If Bidder wishes to submit the Bid Security in the form of cash, the cash should be deposited in **AEPC/CREF/RERL-Technical Assistance Account Number: 0010037403500010, NMB Bank Babarmahal, Kathmandu, Nepal** and original voucher/receipt of the deposited amount must be submitted along with the Sealed Quotation.
8. Other details are provided in the Sealed Quotation Document.

## Mayadevi Rural Municipality
## Office of the Rural Municipal Executive
**Barewa Rupandehi**

### Invitation for Bids

**Notice No: 03 /MRMUN/NCB/WORKS/2081-82**
**Date of First Publication: 20th Jan, 2025**

1. Mayadevi Rural Municipality, Barewa, Rupandehi invites electronic bids from eligible bidders for the Construction of RCC Road, Side drain in Motipur to Barsauli Road Section Mayadevi -04 under National Competitive Bidding – Single Stage One Envelope Bidding procedures.

| Contract ID | Description of Works | Estimated Amount NRs. with VAT & PS | Bid Security Amount NRs. | Bid Doc. Fee (Non-Refundable) NRs. |
|---|---|---|---|---|
| 01/MRMUN/ NCB/WORKS / 2081-82 | Construction of RCC Road, Side drain in Motipur to Barsauli Road Section Mayadevi -04. | NRs. 1,98,89,620.73 | NRs. 4,98,000.00 | NRs. 3,000.00 |

Only eligible bidders with the following key qualifications given below should participate in this bidding:

3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at PPMO e-GP system www.bolpatra.gov.np/egp.
4. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason whatsoever.

**Chief Administrative Officer**